# शान्ति प्रक्रिया टुंग्याउन दलहरुबीच भएको सातबुँदे सहमति

शान्ति प्रक्रिया र संविधान निर्माणको जिम्मेवारी पूरा गर्न राष्ट्रिय सहमति अपरिहार्य छ । यस सन्दर्भमा नेपालको शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याई संविधान निर्माणलगायतका राजनीतिक प्रक्रियाहरुलाई अगाडि बढाउनुपर्ने तथ्य प्रस्ट नै छ । अतः विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान, २०६३ तथा विभिन्न समयमा राजनीतिक दलहरुका बीच भएका सहमतिअनुरुप शान्तिप्रक्रियाका बाँकी कामहरु तुरुन्त सम्पन्न गर्ने संविधान निर्माण र राष्ट्रिय सहमतिको राजनीतिलाई अघि बढाउन निम्नलिखित सहमति गरेका छौं :

## १. माओवादी सेनाका लडाकुहरुको समायोजन र पुनर्स्थापना

क) शिविरमा रहेका माओवादी सेनाका लडाकुहरुको विवरण अद्यावधिक गरिने छ ।

ख) समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरुको संख्या बढीमा ६ हजार पाँच सयसम्म हुनेछ । समायोजन नेपाली सेनाअन्तर्गत महानिर्देशनालयमा हुनेछ । त्यसमा सुरक्षा निकायबाट ६५ प्रतिशत र माओवादी सेनाका लडाकुहरुबाट ३५ प्रतिशतको संख्या रहनेछ ।

ग) समायोजनमा सामेल हुने माओवादी सेनाका लडाकुहरुले सम्बन्धित सुरक्षा निकायको मापदण्ड व्यक्तिगत आधारमा पूरा गर्नुपर्ने छ । तर, उमेर, शिक्षा र वैवाहिक स्थितिको मापदण्डमा लचकता अपनाइने छ । माओवादी सेनाका लडाकुमा भर्ना हुँदाको मितिमा तोकिएको दर्जाका लागि शिक्षामा एक तहसम्म र उमेरमा तीन वर्षसम्मको बढी उमेरमा लचकता अपनाइने छ ।

घ) समायोजनमा सामेल हुनेहरुको दर्जा निर्धारण सम्बन्धित सुरक्षा निकायको मापदण्डअनुसार हुनेछ । सुरक्षा अंगमा अधिकृत र अन्य दर्जामा समायोजन गर्दा सुरक्षा निकायको प्रचलित व्यवस्था र हालका अधिकृत र अन्य दर्जाका व्यक्तिहरुको वृत्ति विकासमा नकारात्मक असर नपर्ने गरी दर्जा निर्धारण गरिनेछ । लडाकुहरुको समयावधि गणना अनमिनले प्रमाणीकरण गर्दा उल्लेख गरेको प्रवेश मितिको आधारमा गरिने छ ।

ङ) सुरक्षा निकायको ब्रिजिङ कोर्सर तालिम पूरा गरेपछि लडाकुहरुले सुरक्षा निकायको तोकिएको तहको जिम्मेवारी पाउनेछन् । ब्रिजिङ कोर्स र तालिम सम्बन्धित सुरक्षा निकायले दिनेछ ।

च) समायोजनको प्रक्रिया सुरु भएपछि शिविरमा रहेका सबै हतियार स्वतः नेपाल सरकारको मातहतमा आउनेछन् ।

## २. माओवादी सेनाका लडाकुहरुको पुनर्स्थापना

क) पुनर्स्थापनामा सामेल लडाकुहरुका लागि शिक्षा, तालिम एवं व्यावसायिक अवसरहरुको प्याकेजको विकल्प उपलब्ध गराइने छ । सो प्याकेजको स्वरुप एवं समयावधि हेरी ६ देखि नौ लाखसम्मको मूल्य हुनेछ ।

ख) उक्त प्याकेजको सट्टा नगद रकम लिई स्वैच्छिक अवकाशमा जानेहरुका लागि विभिन्न तहको जिम्मेवारी हेरी सबभन्दा माथिल्लो तह तथा त्यसभन्दा तल तीन तह निर्धारण गरिने छ तथा सबभन्दा माथिल्लो तहका लडाकुहरुलाई आठ लाख एवं त्यसपछिका तहमा रहेकाहरुलाई क्रमशः सात लाख, ६ लाख र पाँच लाख दिइने छ । सो रकम दुई आर्थिक वर्षमा दुई किस्तामा उपलब्ध गराइनेछ । यससम्बन्धमा दुई दिनभित्र विशेष समितिको बैठकबाट विधिवत् निर्णय गरिनेछ ।

This document was created using Smart PDF creator. To remove this message purchase the product at www.smartpdfcreator.com

## ३. समूह विभाजन

समायोजन र पुनर्स्थापनामा सामेल हुनेहरुको सम्बन्धमा विशेष समितिको बैठकबाट प्रक्रियागत विषयमा सात दिनभित्र निर्णय गरी समूह विभाजनको काम प्रारम्भ हुनेछ । समूह विभाजनको काम ०६८ मंसिर ७ भित्र सम्पन्न गरिनेछ ।

## ४. सहमतिबमोजिमका आयोगहरुको गठन

क) विस्तृत शान्तिसम्झौताबमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ताहरुको छानविन आयोगसम्बन्धी विधेयक मेलमिलापको भावनाअनुरुप व्यवस्थापिका-संसद्‌बाट सहमतिको आधारमा पारित गरिनेछ । यी आयोगहरु सहमतिको आधारमा एक महिनाभित्र गठन गरिनेछ ।

ख) विस्तृत शान्तिसम्झौता र नेपालको अन्तरिम संविधान, ०६३ को मर्म र भावनाअनुसार द्वन्द्वकालका मुद्दाहरु हेरिनेछ ।

## ५. द्वन्द्वपीडितहरुलाई राहत-सहयोग

सशस्त्र द्वन्द्वकालमा द्वन्द्वका कारण मारिएका व्यक्तिका परिवार, अपांग र अंगभंग भएका व्यक्तिहरु, बेपत्ता व्यक्तिका परिवार, विस्थापित व्यक्ति र परिवार एवं सम्पत्ति नष्ट भएका परिवारलाई न्यायोचित किसिमले विनाभेदभाव राहत-सहयोग उपलब्ध गराइनेछ । विस्तृत शान्तिसम्झौतापश्चात् यसरी दिइने राहत-सहयोग कसैलाई भेदभाव नगरी समानताका आधारमा उपलब्ध गराइनेछ ।

## ६. विगतका सहमतिहरुको कार्यान्वयन र विश्वासको वातावरण सिर्जना गर्ने

क) शस्त्र द्वन्द्वको क्रममा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को कब्जामा रहेका निजी तथा सार्वजनिक घर, जग्गा सम्बन्धित व्यक्ति र संस्थालाई फिर्ता गरी भोग चलन गराउन एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले संस्थागत निर्णय गरी ०६८ मंसिर ७ भित्र सम्बन्धित व्यक्ति र संस्थालाई उपलब्ध गराइनेछ । कब्जा भएको अवधिको जग्गाको आयस्ताबापत सम्बन्धित व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति दिइनेछ ।

ख) विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान, ०६३ र वैज्ञानिक भूमिसुधारको मर्म र भावनाअनुसार किसानहरुको अधिकार सुरक्षित गरिनेछ ।

ग) एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को योङ कम्युनिस्ट लिग (वाइसिएल) को अर्धफौजी संरचना र गतिविधिको अन्त्य गरिनेछ तथा त्यसको नियन्त्रणमा रहेका सबै निजी र सार्वजनिक एवं सरकारी भवन र जग्गा ०६८ मंसिर ७ भित्र खाली गरी सम्बन्धित संस्था र व्यक्तिलाई फिर्ता गरिनेछ ।

घ) पहिलेको सहमतिबमोजिम यातायात व्यवस्था विभागमा अभिलेख राखिएका एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को प्रयोगमा रहेका गाडीहरु ०६८ मंसिर ७ भित्र नियम-कानुनअनुसार नियमित गरिनेछ । नियमित नभएका गाडीहरु सरकारले जफत गर्नेछ । शिविरमा रहेका गाडीहरु नेपाल सरकारको मातहतमा आउनेछन् ।

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

ङ) कब्जा घरजग्गा फिर्ता गर्ने सहमतिको कार्यान्वयन भए-नभएको अनुगमन गर्ने तथा कार्यान्वयन नभएको भए कार्यान्वयन गराउने जिम्मेवारी स्थानीय प्रशासनको हुनेछ । यसमा राजनीतिक दलहरुले सहयोग गर्नुपर्ने छ ।

## ७. संविधान निर्माण र राष्ट्रिय सहमतिको सरकार

क) शान्तिप्रक्रिया र संविधान निर्माणको कामलाई सार्थक निष्कर्षमा पुऱ्याउन राजनीतिक दलहरुका बीचको संवादलाई निरन्तरता दिइने छ । यसका लागि उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरिनेछ ।

ख) संविधान निर्माणको कार्यलाई तीब्रता दिइने छ । संविधानसभाबाट सहमतिको आधारमा अविलम्ब विज्ञहरुको टोली बनाई राज्यको पुनर्संरचनाबारे सुझाब लिइनेछ र एक महिनाभित्र नयाँ संविधानको मस्यौदा निर्माणको काम आरम्भ गरिनेछ ।

ग) शान्ति र संविधान निर्माण प्रक्रिया उपर्युक्त किसिमले अगाडि बढ्ने क्रमसंगै राष्ट्रिय सहमतिको सरकार निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

| | | | |
|---|---|---|---|
| पुष्पकमल दाहाल (प्रचण्ड) | सुशील कोइराला | झलनाथ खनाल | विजयकुमार गच्छदार |
| अध्यक्ष | सभापति | अध्यक्ष | लोकतान्त्रिक मधेसी मोर्चाको तर्फबाट |
| एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादी | नेपाली कांग्रेस | नेपाल कम्युनिस्ट पार्टी (एमाले) | |

मिति : २०६८।७।१५।३

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com